प्रदेश सरकार

# आन्तरिक मामिला तथा कानून मन्त्रालय

प्रदेश नं. १, विराटनगर, नेपाल

## जिल्लास्तरमा गोदामघर निर्माण सम्बन्धी दरभाउपत्र आह्वानको सूचना

पथम पटक प्रकाशित मिती २०७६।११।२३

जिल्लास्तरमा गोदामघर निर्माण गर्ने कार्यक्रम अनुसार उदयपुर र झापाका तोकिएको स्थानहरुमा गोदामघर निर्माण कार्य गर्न नियमानुसार इजाजत प्राप्त इच्छुक फर्म/कम्पनी तथा संस्थाबाट तपशिल बमोजिमका शर्तहरुको अधिनमा रही रीतपूर्वकको सिलबन्दी दरभाउपत्र छुट्टाछुट्टै पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

शर्तहरु :

१. ईच्छुक फर्म/कम्पनी, निर्माण व्यावसायीले अध्यावधिक नवीकरण गरिएको इजाजतपत्र, स्थायी लेखा नं. प्रमाणपत्र, मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपी, आर्थिक वर्ष २०७५।०७६ सम्मको आयकर चुक्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु सहित निवेदन पेश गरी नगद रु.१०००। (अक्षरेपी एकहजार मात्र) फिर्ता नहुने गरी दरभाउपत्र दस्तुर तिरी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिन कार्यालय समय भित्र शिलबन्दी दरभाउपत्रदाताले दरभाउपत्र सम्बन्धी कागजात खरीद गर्नसक्नेछ।

२. खरिद गरेको फारमहरुमा उल्लेख भएका सबै विवरण भरी सिलबन्दी दरभाउपत्रदाताले प्रत्येक पानामा सहिछाप गरी सिलबन्दी खाम बाहिर फर्मको नाम ठेगाना, कामको विवरण, ठेक्का विवरण प्रोप्राईटरको नाम र ठेगाना, मोबाइल नं. र इमेल ठेगाना समेत स्पष्ट खुलाई फर्मको आधिकारीक छाप लगाईसिलबन्दी लाहाछाप गरी प्रथम पटक सूचना प्रकाशन भएको मितिले १६ औं दिन दिनको १२:०० बजे भित्र यस मन्त्रालयमा दर्ता गराउनु पर्नेछ।

३. एक फर्म वा संस्थाको नाममा खरीद गरिएको दरभाउपत्र अर्को फर्म वा संस्थाको नामबाट दाखिला गर्नपाईने छैन।

४. सिलवन्दी दरभाउपत्र जमानत वापत कम्तिमा ७५ दिनको म्याद भएको तपशिलमा तोकिए बमोजिमको वाणिज्य बैंकबाट जारी भएको बैंक जमानत पत्र वा यस मन्त्रालयको नाममा जारी भएको विडवण्ड वा प्रदेश लेखा नियन्त्रक कार्यालय, प्रदेश नं. १, विराटनगरको राष्ट्रिय वाणिज्य बैंक, शाखा कार्यालय विराटनगरमा रहेको धरौटी खाता नं. २१२०५०२००००००० कार्यालय कोड नं. ३१४००१३०११ मा जम्मा गरेको सक्कलै बैंक भौचर दरखास्तका साथ अनिवार्य पेश गर्नुपर्नेछ।

५. दर्ता भएका दरभाउपत्रहरु यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिनको ठिक २:०० बजे मन्त्रालयका प्रतिनिधिहरु तथा शिलवन्दी दरभाउपत्र दाता वा निजको आधिकारीक प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । सिलवन्दी दरभाउपत्रदाता वा निजको आधिकारीक प्रतिनिधिहरु उपस्थित नभएमा पनि दरभाउपत्र खोल्ने कार्यमा कुनैवाधा पर्नेछैन।

६. सिलबन्दी दरभाउपत्र खरिद गर्नेर दाखिला गर्नेवा दरभाउपत्र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदाको लगत्तै भोलिपल्ट वा मन्त्रालय खुलेको पहिलो दिन सोही समयलाई उक्त प्रयोजनका लागि मान्यता दिइनेछ।

७. शर्त बमोजिमको रहेको रीत नपुगी वा स्याद नाघेको वा कुनै शर्तराखी पेश हुन आएका दरभाउपत्रहरु मान्य हुने छैन।

८. दरभाउपत्रमा अइटमवाईज दर अङ्क र अक्षर दुवैमा स्पष्ट देखिने बुझिने गरी लेख्नु पर्नेछ। अङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ। केरमेट भएको ठाउँमा सिलबन्दी दरभाउपत्रदाताको सहीछाप अनिवार्य हुनु पर्नेछ।

९. कुनै कारण जनाई दरभाउपत्र स्वीकृत गर्ने वा रद्द गर्ने वा आंशिकरुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्णअधिकार यस मन्त्रालयमा सुरक्षित रहनेछ।

१०.सिलवन्दी दरभाउपत्रदाताले सम्पादन गर्ने कामको सम्बन्धमा राम्रोसँग बुझी दररेट भरेको मानिनेछ।

११.यस सूचनामा उल्लेख नभएका अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३, संशोधन सहित तथा सार्वजनिक खरिद नियमावली २०६४, नवौं संशोधन सहित र अन्य प्रचलित कानून वमोजिम हुनेछ।

१२.निर्माण कार्यमा प्रयोग हुने मालसामानको गुणस्तर स्वीकृत स्पेसिफिकेसन अनुसारको हनु पर्नेछ।

१३.यस सूचनामा उल्लेख नभएका अन्य कुराको हकमा थप कुरा बुझ्नु परेमा यस मन्त्रालयमा कार्यालय समयभित्र सम्पर्क राखी बुझ्न सकिनेछ।

१४.दरभाउपत्र पूर्णरुपमा स्वीकृत आंशिक स्वीकृत गर्ने सम्पूर्ण अधिकार मन्त्रालयमा रहनेछ।

१५.सारभूत रुपमा प्रभावग्राही भई स्वीकृत भएको दरभाउपत्रदाताले उक्त कार्य सम्पन्न गरे पश्चात प्राविधिकबाट चेक जाँच तथा रुजु गरी आवश्यक बिल भरपाई पेश भए पश्चात मात्र भुक्तानी प्रक्रिया अगाडी बढाईनेछ।

### तपशिल

| सिं.नं. | दरभाउपत्र नं. | विवरण | ल.ई.रकम रु. भ्याट सहित | धरौटी |
|---|---|---|---|---|
| १ | सि.द.भा. ५/०७६-०७७ | जिल्लास्तरमा गोदाम घर निर्माण कार्य, उदयपुर | १९,३१,४७२।३१ | ४८,५००।- |
| २ | सि.द.भा. ६/०७६-०७७ | जिल्लास्तरमा गोदाम घर निर्माण कार्य, झापा | १५,३७,२३३।६३ | ३८,५००।- |